# मानेभन्ज्याङ गाउँपालिका

## कोशी, ओखलढुंगा

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः ५ मितिः२०८०/०२/०५

## भाग-२

## मानेभन्ज्याङ गाँउपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८०

### १.१) परिचय

नेपालको सन्दर्भमा सामाजिक बञ्चितीकरणले सामाजिक विकास क्रमसँगै वर्षौदेखि जातजाति, जनजाति, लिङ्ग, अपाङ्गता, उमेर तथा धर्मका आधारमा विभेद गरिएका कारण पछाडि परेका वा पारिएका समुहहरूको अवस्थालाई चित्रण गर्दछ । सामाजिक बञ्चितीकरणमा परेका समूहहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, उमेर (सोह्र वर्ष मुनिका बालबालिकाहरू र ६० वर्ष माथिका ज्येष्ठ नागरिक), अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका जनतालाई लिइएको छ



CamScanner

। समाजमा विद्यमान लैङ्गिक, जातीय असमानता, विभेदयुक्त व्यवहार र मान्यता,महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरिबी, आदि जस्ता विसंगतिहरुलाई निरुत्साहित गर्न नेपाल सरकारद्वारा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा लैंगिक समानता र सामाजिक समावेशीकरणको पक्षमा अभिव्यक्त विभिन्न प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्ने प्रयासलाई निरन्तरता दिदै यो नीति तयार पारिएको छ । नेपालको संविधानले वर्गीय, क्षेत्रीय, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धी र सामाजिक न्याय सुनिश्चिततताका लागि समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रपूर्वक बाँच्न पाउने हक, समानताको हक, छुवाछूत तथा भेदभाव विरुद्धको हक, शोषण विरुद्धको हक, बालबालिकाको हक, महिलाको हक, दलितको हक, जेष्ठ नागरिकको हक, सामाजिक न्यायको हक लगायत शिक्षा, स्वास्थ्य, पोषण जस्ता विषयहरुलाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ । नेपाली समाजमा रहि आएको सामाजिक र आर्थिक विभेदलाई हटाउन लैङ्गिक समानता र सामाजिक समावेशीकरणको विषय तीनवटै तहका सरकारहरुको प्राथमिकतामा रहेको छ । समाजमा विद्यमान लैङ्गिक तथा जातीय असमानता, विभेदयुक्त व्यवहार, महिला हिंसा, शोषण तथा उत्पीडन, गरिवीजस्ता विसंगतिहरुलाई हटाउन नेपाल सरकारले यस सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्झौता तथा प्रतिवद्धताहरु कार्यान्वयन गरि आएको छ । नेपालको संविधान २०७२ को प्रस्तावनामा समेत केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सिर्जना गरेको सबै प्रकारका विभेद र उत्पीडनलाई अन्त्य गर्दै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसाथ गरी विधिधता बिचको एकता सामाजिक साँस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सदभावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, लैंगिक विभेद र सबै प्रकारका

छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धी र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागीतामुलक सिद्धान्तका आधारमा समतामुलक समाजको निर्माण गर्ने संकल्प सहितको प्रतावनामा उल्लेख गरिएको छ । राज्यको श्रोत साधनको पहुँचबाट टाढा रहेका वर्गसमुदायलाई राज्यको मुल प्रवाहमा ल्याउनका लागी लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति तयार पारिएको छ ।

यस गाँउपालिकाको हकमा अझै पनि विभिन्न जातजाति, लिङ्ग, वर्ग, अपाङ्गता भौगोलिकता तथा उमेर समुहका आधारमा विभेद यथावत रहेका कारण महिला, बालबालिका, दलित, आदिवासी जनजाति, जेष्ठ नागरिक, सिमान्तकृत र विपन्न वर्गहरु वञ्चितीकरणमा परेका छन् । विभिन्न सामाजिक समूहहरूमा तथा स्थानहरुमा भिन्न-भिन्न प्रकारका विभेदहरु रहेका छन् । जस्तै सबै महिलाहरूले विभेद भोगिरहेका छन् तर सीमान्तकृत वर्ग र विपन्न समुदायका महिलाहरूले अझै धेरै विभेद भोगिरहेका छन् । यस्तो विभेद र वञ्चितीकरण औपचारिक क्षेत्रका अलावा समुदाय तथा घर-परिवार जस्ता अनौपचारिक क्षेत्रमा समेत रहेकोछ । मानेभन्ज्याङ गाउँपालिकाले समावेशी तथा न्योचित विकासका लागि महिला, बालबालिका, दलित, आदिवासी जनजाति, जेष्ठ नागरिक, सिमान्तकृत लगायत विभेद र वञ्चितीकरणमा परेका वा पारिएका वर्गलाई विकासको मूल प्रवाहमा ल्याउने प्रयास गरिरहेको छ । यि विसङ्गतिहरुलाई निर्देशित गर्न विभिन्न निकायहरुवाट आ-आफ्नो ढंगले लैङ्गिक समानता र सामाजिक समावेशीकरणको नीति र रणनीति बनाई कार्यक्रमहरु कार्यान्वयन गरिएका छन् । यसरी कार्य गर्दा कार्यक्रममा दोहोरोपना आउने र कार्यान्वयन गर्न अप्ठ्यारो हुनाको साथै अपेक्षाकृत नतिजा हासिल गर्न सकिएको छैन । अत: मानेभन्ज्याङ गाँउपालिकाको नीति तथा कार्यक्रम लगायत सरकारी, गैर सरकारी, निजी र सामुदायिक स्तरमा संचालित कार्यक्रमहरुलाई मार्गदर्शन हुने गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८० तयार गरिएको छ ।

यसबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई सार्वजनिक सेवा प्रवाह र विकास गतिविधिमा मूलप्रवाहीकरण गर्न सहज हुने अपेक्षा गरिएको छ । यो नीति सरकारी, गैर सरकारी, सहकारी, निजी क्षेत्र तथा नागरिक समाज र विकास साझेदारहरुको सहयोग र सहकार्यमा कार्यान्वयन गरिनेछ । यस नितिको सफल कार्यान्वयनबाट सम्पूर्ण गाँउपालिकाका जनताहरुले विभेद र हिंसारहित समाजमा आत्म–सम्मानपूर्वक जिवनयापन गर्न पाउने अवस्थाको सुनिश्चितता गर्नेछ ।

**१.२ नाम र प्रारम्भ** : यस रणनितिको नाम" लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निति २०८० लागु रहनेछ । यसको प्रारम्भ स्थानीय सरकारले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

**१.३ परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नितिमा :

क) "निति" भन्नाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निति, २०८० सम्झनु पर्दछ ।

ख) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभा सम्झनु पर्दछ ।

ग) "गाउँपालिका भन्नाले" मानेभन्ज्याङ गाउँपालिका सम्झनुपर्दछ ।

घ) "कार्यक्रम भन्नाल" निश्चित उद्देश्य प्राप्तीका लागी तयार गरिएको आयोजनाहरुको संयोजित रुप सम्झिनु पर्दछ ।

ङ) "योजना भन्नाले" समग्र विकास निर्माण कार्यका लागी तयार गरिएको स्थानीय तहको आवधिक विकास योजना, एकिकृत शहरी विकास, शहरी विकास योजना, जिल्ला सडक गुरु योजना, विषयगत गुरु योजना र रणनिति योजना सम्झनु पर्दछ ।

च) "सामाजिक बञ्चितिकरण" भन्नाले औपचारिक ऐन नियम कानुन, आदि तथा परम्परा देखि चलिआएको अनौपचारिक मुल्य मान्यता बमोजिम लिङ्ग, जातजाति, धर्म आदि जस्ता विभेदका कारणले हरेक प्रकारका सुविधाबाट बञ्चितिको अवस्थालाई सम्झनुपर्दछ ।

छ) "सामाजिक समावेशीकरण" भन्नाले अवसर तथा श्रोत साधन उपभोग गर्नबाट बञ्चित भई जोखिममा परेका, पारिएका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरीबी तथा सामाजिक रुपमा वञ्चितीकरणमा परेका समुहहरुलाई विकास निर्माण र कार्यसम्पादन प्रक्रियामा अर्थपूर्ण सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन र आधारभुत अधिकार उपभोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनुपर्दछ ।

## १.४ नीतिको औचित्य र कानूनी आधार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासंग अनुकल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने व्यवस्था गरेको छ । यसै गरी ऐनले गाउँपालिकाले योजना तर्जुमा गर्दा स्थानीय वुद्धिजीवि, विषय विज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका सरोकारवालाहरुको अर्थपूर्ण सहभागितामा जोड दिनु पर्ने कुरा उल्लेख गरिएकोछ । उल्लेखित कार्य सम्पन्न गर्नका लागी मानव विकास तथा लैङ्गिक सशक्तीकरण सूचकाङ्क सम्वन्धी खण्डिकृत तथ्याङ्क संकलन र प्रशोधन गर्ने कार्यको अभिभारा दिएको छ । जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन लगायत सामाजिक सुरक्षा र गरिबी निवारण सम्बन्धी विषयहरु समेत वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत राखेको छ । समुदायस्तरमा टोल विकास संस्थाको गठन, परिचालन र उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने, वडालाई बालमैत्री, लैंगिक मैत्री वनाउने र

वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका, पारिएका महिला, बालबालिका, दलित, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने भनि उल्लेख गरेको छ । उल्लेखित स्थानीय नीतिहरु कार्यान्वयन गर्न गठन गरिने समिति, उप-समिति, वा कार्यदलमा नियुक्ति वा मनोनयन गर्दा समानुपातिक समावेशीता कायम गर्नुपर्नेछ ।

## १.५ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको औचित्य किन :

लैङ्गिक समानता तथा सामाजिक समावेशीताबारे नेपालको संविधानमा भएको व्यवस्थाहरुको कार्यान्वयन गर्न वर्तमान संघीय शासन स्वरुप, विगतमा निर्माण भएका ऐन, नीति, कानुन, कार्यविधि लैससासबारे राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्दता र नेपालले विगतमा भोगेका समस्या तथा चुनौतीहरुलाई मध्यनजर गर्दै तिनिहरुको समाधान गर्न यस गाउँपालिकाले यो नीतिको औचित्य महशुस गरिएको हो ।

क) गाउँपालिकाबाट तर्जुमा गरि कार्यान्वयन गरिने सबै नीति, योजना तथा कार्यक्रमहरुलाई लैससासको दृष्टिकोणबाट विश्लेषण गरी विशेष गरी महिला, दलित तथा पिछडिएका वर्गको आर्थिक, सामाजिक, राजनैतिक र साँस्कृतिक अवस्थामा सुधार गर्नुपर्ने भएकोले ।

ख) गाउँपालिकाको विद्यमान सामाजिक असमानता र बञ्चितीकरणका कारण सामाजिक तथा आर्थिक विकासका सुचकहरुमा भएको कमजोर अवस्थाको सही रुपमा पहिचान गरी सो अनुरुप कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र पुनरावलोकन गर्न ।

ग) महिला उपर हुने सबै किसिमका हिंसा तथा भेदभाव उन्मुलन गर्ने महासन्धि वेईजिङ्ग घोषणा र २०३० सम्मको लागि तय गरिएको दिगो विकासका लक्ष्यहरुको कार्यान्वयनमा प्रभावकारिता अभिबृद्धि गरी यस



CamScanner

गाउँपालिका तथा  अर्न्तगतका संरचना, कार्यक्रम, योजना, बजेट तथा आयोजनाको प्रत्येक चरणमा लैससासलाई मुलप्रवाहीकरण तथा स्थानीयकरण यथाशीघ्र गर्दै लैजान र एकरुपता  कायम गर्नुपर्ने भएकोले ।

**१.६.विद्यमान समस्या तथा चुनौतीहरु :**

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बहुक्षेत्रगत सवाल हो । त्यसकारणले विगतमा विभिन्न कार्यालयहरुले लैससास नीति  तथा मार्गदर्शन तयार गरेतापनि केन्द्र देखि स्थानीय सरकारहरुले नीति नबनाईसकेको र निर्माण गरिएको नीति तथा कार्यक्रमहरुको पनि प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैनन् । नीति तथा कार्यक्रमहरुको अभावले गर्दा महिला, दलित तथा पछाडी परेका, पारिएका वर्ग तथा समुहको आधारभुत आवश्यकता अझै पनि संबोधन हुन सकिरहेको छैन । फलस्वरुप विभिन्न सरकारी कार्यालयहरुले प्रदान गर्ने सेवासुविधाहरुमा महिला, दलित तथा पछाडी परेका, पारिएका  समुहहरुको पहुँच र निर्णय गर्ने क्षमतामा कमी हुन गएको छ । यस वर्गले तर्जुमा गर्ने योजना तथा बजेट लैङ्गिक संवेदनशिल हुन सकेन । यसका साथै सबै कार्यालयहरुमा लैससासलाई मुलप्रवाहीकरण गर्नको लागी संरचनाको कमी र यस विषयमा सबै जानकारी समान रुपमा भएन जसले गर्दा लैससास विषयलाई सबैले गम्भीर रुपले आन्तरिकीकरण गर्न नसकिएको अवस्था रहेकोछ ।

प्रदेश तथा स्थानीय सरकारले लैससासको नीति तथा कार्यविधि बनाएर योजना, कार्यक्रम तथा बजेटको तर्जूमा गरिनसकेको विद्यमान अवस्थामा सो सम्बन्धी नीति, योजना तथा कार्यक्रमहरुमा लैङ्गिक समानताको अभाव खड्कीएको अवस्था रहेको छ । परिणाम स्वरुप लैङ्गिक उत्तरदायी



CamScanner

बजेट प्रणालीका आधारभुत पक्षहरु समेत ओझेलमा परेका छन । जसले गर्दा लैङ्गिक मुलप्रवाहीकरणका प्रयासहरुमा महिला, दलित तथा पछाडि परेका, पारिएका समुहको अर्थपूर्ण सहभागीता भन्दा पनि औपचारिक प्रतिनिधित्वमा सिमित हुनपुगेको अवस्था छ । त्यसैले लैससासको लागी राजनीतिक प्रतिबद्धता, इच्छाशक्ति र श्रोत साधनको परिचालन र जनचेतना अभिबृद्धि गरी यस गाँउपालिकाको हरेक विकास योजना तथा कार्यक्रमहरुमा लैससासलाई मुलप्रवाहीकरण गर्ने सोच, ज्ञान र दक्षता भएका जनशक्तिको व्यवस्थापन, स्रोत साधनको परिचालन, अन्तर-निकाय समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने कार्य यस गाउँपालिकाको लागी चुनौतीका रुपमा रहेको छ ।

## २) नीति

### २.१ दीर्घकालीन सोच - (Vision)

जातीय, क्षेत्रीय, धार्मिक र लैङ्गिक विभेद मुक्त समतामुलक, समृद्ध, सुखी र न्यायपूर्ण समाजको निर्माण गर्ने ।

### २.२ लक्ष्य: (Goal)

लैंगिक हिंसा अन्त्य गर्दै सामाजिक, आर्थिक, राजनीतिक अवसरहरुमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गरी लैंगिक समानता कायम गरी सार्वजनिक सेवामा नागरिकहरुको पहुँच बृद्धि गर्ने ।

### २.३ उद्देश्यहरु: (Objectives)

(१) महिला, बालवालिका, दलित, आदिवासी जनजाति, जेष्ठ नागरिक, यौनिक तथा अल्पसंख्यक एकल महिला, सिमान्तकृत लगायत विभेद र वञ्चितीकरणमा परेका, पारिएका वर्गको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तिकरणका लागि सहजीकरण गरी स्थानीय शासन प्रक्रियामा नागरिकको अर्थपूर्ण सहभागिता वृद्धि गर्ने ।

२) महिला, बालबालिका, यौनिक तथा अल्पसंख्यक तथा वञ्चित समूहका मानिसहरूको आवश्यकता र चाहना प्रति अझ बढी संवेदनशील, उत्तरदायी, जबाफदेही हुन सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने ।

(३) महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, जेष्ठ नागरिक, यौनिक तथा अल्पसंख्यक, एकल महिला, सिमान्तकृत लगायत विभेद र वञ्चितीकरणमा परेका वा पारिएका वर्गको आवश्यकता र चाहनाप्रति संवेदनशील, उत्तरदायी र जबाफदेही भई स्थानीय नीति, योजना, बजेट तथा कार्यक्रम तर्जुमा गर्ने ।

**(४) मानेभन्ज्याङ गाउँपालिकाका विषयगत शाखा/इकाई, समिति र उपसमितिहरु लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रति संवेदनशील भई संस्थागत रुपमा सार्वजनिक सेवा प्रवाह गर्ने ।**

(५) यो नीति र रणनीतिको कार्यान्वयनले लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई स्थानीयतहको कार्यक्रममा दिगो रूपमा मूलप्रवाहीकरण गर्न मद्दत गर्नेछ।

(६) लैगिक हिंसा प्रभावितहरुलाई तत्काल सेवा प्रवाह गर्नको लागि आवश्यक प्रतिकार्य सेवाहरुलाई निरन्तरता दिईने छ।

## २.४ प्रमुख नीति :

१) गाउँपालिकाले सञ्चालन गर्ने सम्पूर्ण योजना तथा कार्यक्रमलाई लैससास दृष्टिकोणबाट संस्थागत गरी त्यसमा महिला, दलित, अपाङ्गता भएको व्यक्ति, आदिवासी जनजाति, एकल महिला, यौनिक तथा अल्पसंख्यक र सिमान्तकृत समुहको अर्थपूर्ण सहभागीतामा कार्यान्वयन गरी मुलप्रवाहीकरण गर्दै लैजाने नीति लिने छ ।



CamScanner

२) गाउँपालिकाले नीति निर्माण तथा कार्यक्रम कार्यान्वयनमा महिलाको समानुपातिक, अर्थपूर्ण प्रतिनिधित्व सूनिश्चित हुने एवं प्रतिफलमा समान अधिकार लागुहुने नीति अवलम्बन गर्नेछ ।

३) गाउँपालिकाले तयार गर्ने सम्पूर्ण नीतिगत र कानूनी दस्तावेजहरुलाई लैंगिक सम्वेदनशिल बनाउनुका साथै सम्मानित भएर बाँच्न सक्ने आधार तयार गर्नेछ ।

४) लैङ्गिक उत्तरदायी योजना तथा बजेट र समावेशी बजेट परीक्षणलाई स्थानीयकरण गरी लक्षित समुदायको आर्थिक तथा वित्तिय श्रोतमा पहुँच अभिबृद्धि गरिनेछ ।

(५) स्थानीय शासन सञ्चालन प्रक्रियामा महिला, अपाङ्गता भएको व्यक्ति, बालबालिका, दलित, आदिवासी जनजाति, जेष्ठ नागरिक, सिमान्तकृत, आदिवासी जनजाति, एकल महिला, यौनिक तथा अल्पसंख्यक लगायत तथा विभेद र वञ्चितीकरणमा परेका, पारिएका वर्ग र क्षेत्रका नागरिकहरुको अर्थपूर्ण सहभागिता वृद्धि गरिनेछ ।

(६) समानुपातिक विकासको अवधारणा अनुसार पछाडि परेका वा पारिएका वर्ग, समुदाय र क्षेत्रका नागरिकको माग, आवश्यकता र प्राथमिकता अनुसारका विकास कार्यक्रमहरु कार्यान्वयन गर्न संस्थागत संरचना, जनशक्ति र बजेट सुनिश्चित गरिनेछ ।

(७) महिला, बालबालिका, दलित, अपाङ्गता भएको व्यक्ति, आदिवासी जनजाति, जेष्ठ नागरिक, एकल महिला, यौनिक तथा अल्पसंख्यक सिमान्तकृत, विभेद र वञ्चितीकरणमा परेको, पारिएका वर्ग र क्षेत्रका नागरिकको आर्थिक, सामाजिक र लैङ्गिक सशक्तीकरण गर्दै लगिनेछ ।

(८) गाँउपालिकाको कार्य प्रणाली, प्रक्रिया र नतिजामा आवद्ध हुनेगरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई संस्थागत रुपमा मूलप्रवाहीकरण गरिनेछ ।

(९) महिला, बालबालिका, आदिबासी जनजाति, मानव अधिकार, लगायतका क्षेत्रमा नेपालले अनुमोदन गरेका संयुक्त राष्ट्रसंघ तथा अन्तर्राष्ट्रिय घोषणाका प्रावधानहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ।

(१०) महिला, बालबालिका, दलित, आदिबासी जनजाति, अपाङ्गता भएको व्यक्ति, एकल महिला, यौनिक तथा अल्पसंख्यक तथा विपन्न वर्ग तथा पिछडिएको वर्गहरुको सशक्तीकरण गर्दै लगिनेछ।

(११) लैंगिक हिंसा विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्बन गर्दै सामाजिक भेदभाव र बहीस्करणको अन्त्यका लागि निरोधात्मक, प्रवर्धनात्मक र संरक्षणात्मक उपायहरू अवलम्बन गरिनेछ।

(१२) हिंसामा परेका महिलाहरुलाई गाउँपालिकाले प्रवाह गर्ने सेवाहरु सशुल्क तथा निशुल्क रुपमा उपलब्ध गराईने छ।

(१३) एकल महिलाहरुको हितको लागी एकल महिला सुरक्षा कोष स्थापना गरी संचालन गरिनेछ।

(१४) पालिका भित्रको सार्वजनिक संरचनाहरुमा महिलाहरुका लागी सुरक्षित स्तनपान कक्ष, लैंगिक मैत्री शौचालयको व्यवस्था गरिनुका साथै निशुल्क स्यानटरी प्याड उपलब्ध हुने व्यवस्था गरिनेछ।

(१५) लैगिक हिंसा प्रभावितहरुको लागि तत्काल प्रतिकार्य सेवा उपलब्ध गर्नको लागि विद्यमान लैंगिक हिंसा निवारण कोषलाई आवश्यकता अनुसार परीमार्जन गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ।

(१६) समाजमा लैगिक मैत्री दृष्टिकोण निर्माण गर्न विद्यालय शिक्षादेखि नै लैंगिकमैत्री पाठ्यसामग्री र पठनपाठन पद्धतिको विकास गरी पाठ्यसामग्रीहरुमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणका विषयलाई समावेश गरिनेछ।

(१७) लैगिक भूमिकामा रुपान्तरण सम्बन्धी प्रचार प्रसार सामाग्री उत्पादन र वितरण, समुदायमा आधारित संस्था, समूह परिचालन, उदाहरणीय कार्य



CamScanner

गर्ने संस्था, समूह परिवार र व्यक्तिलाई सम्मान लगायतका प्रवर्द्धनात्मक कार्य गरिनेछ ।

(१८) लैंगिक समानता तथा सामाजिक समावेशीकरणको लागि पुरुषको सहभागिता अभिबृद्धि गर्दै लगिनेछ ।

(१९) संचार माध्यमबाट नियमित रुपमा लैंगिक समानता तथा महिला, किशोरी र बालिकाप्रति मर्यादित व्यवहारलाई प्रोत्साहित गर्ने कार्यक्रम संचालन गर्नुका साथै श्रव्य.दृश्य सामग्रीको उत्पादन तथा प्रसारणको व्यवस्था मिलाईनेछ ।

(२०) कार्यस्थल तथा सार्वजनिक स्थलहरुमा महिला, किशोरी, बालिकामाथि हुने भेदभाव एवम् यौनजन्य दुर्व्यवहार विरुद्ध विद्यमान कानुनी व्यवस्थाको प्रचार प्रसार गरिनेछ ।

(२१) लैगिक हिंसा प्रभावितहरुको लागि तत्काल प्रतिकार्य सेवा प्रदान गर्नको लागि आवास गृहको स्थापना गरिने छ ।

(२२) लैङ्गिक हिंसाको जोखिम कम गर्न समुदायहरूमा वडा सदस्यहरुको अगुवाईमा महिला, युवा तथा निगरानी समूहहरू गठन, सामुदायिक मनोविमर्श कार्यकर्ताहरुको सुदृढीकरण तथा परिचालन गर्ने ।

(२३) हानीकारक परम्परागत अभ्यासहरु, विभेदपूर्ण सामाजिक मूल्य मान्यता एवं महिलालाई हुने विभेदपूर्ण दृष्टिकोणको अन्त्य गर्न "परिवर्तन सम्भव छ, आफु बाट सुरु गरौं" जस्ता अभियान सञ्चालन गर्ने

(२४) बढ्दो साइबर अपराधका विषयमा महिला, किशोरी, बालिकालाई सुसूचित गराउँदै यस्ता अपराधलाई नियन्त्रण गरिनेछ ।

(२५) बालविवाह, बहुविवाह, दाइजो जस्ता वैवाहिक परम्पराहरुलाई अन्त्य गर्न विभिन्न अभियानहरु सञ्चालन गर्ने

(२६) लैंगिक तथा समावेशिता सम्बन्धी खण्डिकृत तथ्याक (Disaggregated data) संकलन, विश्लेषण र नियमित रूपमा

अद्यावधिक गर्दै समस्या सम्बोधनका लागि नयाँ रणनीति, योजना तय गर्ने ।

(२७) सबै प्रकारका हिंसा न्यूनीकरण गर्न युवा, पुरुष एव परिवारका नेतृत्वसँगका साझेदारी र सामुहिक परिचालनमा ध्यान दिनुका साथै किशोर-किशोरी, युवा तथा महिलाहरुको सशक्तिकरणका लागि सहजीकरण गर्ने ।

## २.५ रणनीति

### २.५.१ मुलप्रवाहीकरण :

क) गाउँपालिकातहमा महिला, गरीव तथा बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरुको पहिचान तथा लेखाजोखा गरी नीतिगत व्यवस्थाहरु संस्थागत प्रणाली तथा संरचनाहरु, कार्य वातावरण, र संस्कृति, योजना, बजेट, पहुँचयुक्त अवसर सेवामुलक कार्य, अनुगमन मुल्याङ्कन र अनुसन्धान आदी कार्य मार्फत पछाडी परेका वा पारिएका अशक्त गरीव तथा लक्षित वर्ग/समूहको सवाल पहिचान गरी उनीहरुलाई समान अवसर दिई सवाल र समस्याको सम्बोधन गरी उनीहरुको समग्र विकास प्रकृयामा मुल प्रवाहीकरण गरिने छ ।

ख) लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण, र लैङ्गिक उत्तरदायी बजेट मार्फत गाउँपालिकाले आफ्ना संरचना र कार्यक्रमहरुमा महिला दलित र सिमान्तकृत समूहरुमा समावेश गरी लैङ्गिक समानता र सबै जातजातीको अर्थपूर्ण सहभागीता गराई लैङ्गिक मुल प्रवाहीकरण गर्दै लगिने छ ।



CamScanner

२.५.२ आर्थिक, सामाजिक, राजनीतिक समावेशीकरण र शसक्तिकरण:

विकासका अवसरबाट बञ्चित, श्रोत साधनको पहुँच तथा नियन्त्रणमा पछाडी परेका वा पारिएका लक्षित वर्गहरुको गाँउपालिकाको समग्र शासन सञ्चालन प्रणालीमा अर्थपूर्ण सहभागीता गराई उनीहरुलाई सबल बनाई आर्थिक सामाजिक, राजनीतिक समावेशीकरण तथा शसक्तिकरण गर्नुको साथै आउन सक्ने प्राकृतिक तथा मानव सिर्जित विपद व्यवस्थापन गर्दै कृषि, सहकारी, पर्यटन आदिको समुचित विकास गरी गाउँपालिका बासीहरुका लागी स्वरोजगारीको व्यवस्था गर्दै लगिनेछ ।

२.५.३ संस्थागत संरचना सचेतीकरण र क्षमता विकास :

लैससास बारे नेपालको संविधान वर्तमान संघीय शासन स्वरुप, नीति, नियम, ऐन कानुन, कार्यविधि आदिमा भएको व्यवस्थाको सबै सरोकारवालाहरुसंग प्रभावकारी समन्वय गर्दै कार्यान्वयन गर्न चुस्त दुरुस्त संस्थागत संरचना निर्माण गरी गाउँपालिका लगायतका सेवा प्रदायक सरोकारवाला संस्थाहरुलाई लैससास प्रति उत्तरदायी तथा जवाफदेही बनाउदै लगिने छ ।

२.५.४ समन्वय सहकार्य र सहजीकरण:

लैससास सम्बन्धि नीति, तथा योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न संघ, प्रदेश विभिन्न प्रतिष्ठान आयोग, समिति र स्थानीय सरकार आदीसंग समन्वय सहकार्य र सहजीकरण गरिनेछ ।

२.५.५ अनुगमन तथा मुल्याङ्कन:

गाँउपालिकाको सबै कार्यक्रम योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मुल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै जानेछ ।



CamScanner

### ३.१ कार्यनीति

क) स्थानीय शासन संग सम्बन्धित विभिन्न ऐन, नियम, कानुन, नीति नियमको अर्न्तराष्ट्रिय मुल्यमान्यता तथा मापदण्ड अनुरुप सबै सरोकारवालाहरुलाई संलग्न गराई लैससास दृष्टिकोणले आवश्यकता अनुसार पुनरावलोकन तथा निर्माण गरिनेछ ।

ख) खण्डिकृत तथ्याकं तथा र तथ्यगत सूचनाको आधारमा सामाजिक तथा आर्थिक अवस्थाको विश्लेषण गरी गरीब तथा बञ्चितीकरणमा परेका समुहको पहिचान गर्नेछ ।

ग) दलित महिला पिछडीएको वर्ग अपाङ्गता भएका व्यक्ति अल्पसंख्यकको आदिको आर्थिक, सामाजिक, राजनितिक सार्वजनिक जिवनमा अर्थपूर्ण सहभागीता, पहुँच, तथा नियन्त्रणमा बृद्धि गर्ने कार्यनीति लिई समावेशीकरण र शसक्तिकरण गरिनेछ ।

### ३.२ कार्यनिति

क) लैससासका लागी संस्थागत र व्यक्तिगत दुवै क्षमता विकासका क्षेत्रहरु पहिचान गरी विभिन्न सचेतीकरण तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गराईने छ ।

ख) गाँउपालिकाको योजना तर्जुमा, कार्यान्वयन, र अनुगमन प्रणाली, आबद्ध सामुदायिक संघ संस्था, विभिन्न सञ्जाल, सहकारी समुहहरु तथा नागरिक समाजको क्षमता विकासको दायरामा ल्याईनेछ ।

ग) गाँउपालिकाको वार्षिक तथा आवधिक विकास योजना तर्जुमा गर्दा महिला बालबालिका, विपन्न, सीमान्तकृत, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, एकल महिला, यौनिक तथा अल्पसंख्यक लगायत आम नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।

घ) स्थानीयस्तरको योजना कार्यान्वयन प्रकृयामा नागरिक समाजको रेखदेख तथा समन्वयकारी भूमिकाको खोजी गरिनेछ ।



CamScanner

ङ) महिला मात्रको पुर्वाधार निर्माण योजनाका उपभोक्ता समितिलाई स्थानीय सहभागिताको अंशमा अधिकतम् ५ प्रतिशत छुट दिईनेछ ।

ङ) गाउँपालिका अर्न्तगतका समिति, उपसमिति लगायत समुदायस्तरमा गठन हुने उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिला र १३ प्रतिशत दलित प्रतिनिधित्व अनिवार्य गरिनेछ ।.

च) सहभागितामुलक योजना तर्जुमा प्रक्रियामा वस्ती/वडातहमा आम भेला गर्दा महिला, बालबालिका, दलित एकल महिला, यौनिक तथा अल्पसंख्यक समुदायलाई पायक पर्ने वस्ती/टोलमा गर्न प्राथमिकता दिईनेछ ।

छ) वडास्तरवाट बालबालिका सम्वन्धी योजना तर्जुमा गर्नुपूर्व वडास्तरीय बाल भेला अनिवार्य गरिनेछ ।

ज) स्थानीय शासन प्रकृयामा दलित, महिला, एकल महिला, यौनिक तथा अल्पसंख्यक तथा विपन्न समुदायको सहभागिता वृद्धि गर्न नागरिक समाज, वडास्तरका विभिन्न समुह तथा टोल विकास संस्थाहरुको सहकार्यमा सुशासन सम्बन्धी अभियान संचालन गरिनेछ । यी अभियान मार्फत नीति कार्यान्वयन र व्यवहार परिवर्तनमा सहयोग पुऱ्याउने गरी नियमित रुपमा समावेशी सम्वाद (महिला-पुरुष, दलित-गैर दलित, बालबालिका, विपन्न वर्ग, स्रोत साधनमा पहुँच भएका र निर्णय तहका पदाधिकारीहरु विच) गरिनेछ ।

महिला समुह तथा सहकारीमा आवद्ध महिलाहरुलाई महिला तथा मानव अधिकारका बारेमा अभिमुखीकरण गर्ने साथै लैङ्गिक हिंसामा परेका महिला तथा किशोरी, बालबालिकाहरुलाई सेवा,परामर्श, राहत तथा उद्धार गर्न स्थानीय स्तरमा रहेका सामुदायिक मनोसामाजिक कार्यकर्ताहरुलाई प्रत्येक वडामा कम्तिमा एक जना परिचालन गरिने छ ।

झ) गाउँपालिकातहमा विपन्न तथा सीमान्तकृत महिला तथा पुरुषहरूको समेत सहभागितामा कम्तिमा वर्षको एक पटक सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई गरिनेछ ।

### ३.३ कार्यनिति

क) लैससाका लागी संस्थागत तथा व्यक्तिगत दुवै क्षमता विकासका क्षेत्रहरु पहिचान गरी विभिन्न सचेतीकरण तथा क्षमता विकासका कार्यहरु सञ्चालनमा ल्याईनेछ ।

## ४.) नीति कार्यान्वयन

### ४.१ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समिति

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयनमा नेतृत्वदायी भूमिका निर्वाह गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी देहाय वमोजिमको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समितिको गठन गरिनेछ ।

(१) उपप्रमुख........................................... संयोजक

(२) सामाजिक विकास समितिका संयोजक.......... सदस्य

(३) आर्थिक विकास समितिका संयोजक.................. सदस्य

(४) प्रमुख प्रशासकीय अधिकृत.............. सदस्य

(५) कार्यपालिकाले तोकेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यगर्ने स्थानीय गैसस मध्ये १ जना..... सदस्य

(६) कार्यपालिकाले तोकेको नागरिक समाजका महिला प्रतिनिधि १ जना.. सदस्य

(७) महिला विकास शाखा प्रमुख. सदस्य सचिव

**नोटः** यस समितिले आवश्यकता अनुसार विषय विज्ञ, महिला, वालवालिका, दलित, आदिवासी जनजाति, विपन्न, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्ति, तिनको समूह वा संजालका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

## ४.२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समितिको कार्यक्षेत्रः

यस समितिले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने, नीति कार्यान्वयनका लागि जनशक्ति तथा बजेट व्यवस्था गर्न कार्यपालिकासंग अनुरोध गर्ने, विभिन्न साझेदार संस्थाहरुवीच समन्वय गर्नुको अतिरिक्त देहाय वमोजिमका कार्यहरु गर्नेछ ।

(१) गाँउपालिकाका कानून, नीति, कार्यक्रम तथा बजेट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयनमा सहयोग पुग्ने खालका छन् वा छैनन् पुनरावलोकन गरि आवश्यक भएमा परिमार्जनका लागि कार्यपालिका मार्फत सम्वन्धित निकायलाई सुझाव दिने ।

(२) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति मूलप्रवाहीकरणका लागि उपयोगी विधि एवम् प्रक्रियाहरूको पहिचान गर्ने ।

(२) गाउँपालिकामा भएका विकास प्रयासहरू र महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ एकल महिला, यौनिक तथा अल्पसंख्यक र वञ्चितीकरणमा परेका वा पारिएका व्यक्ति, समूहको तथ्याङ्क विश्लेषण गर्ने ।

(३) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्ययोजना निर्माण र कार्यान्वयनमा सहजीकरण र अनुगमन गर्ने ।

(४) आवधिक तथा वार्षिक योजना, कार्यक्रम तथा बजेटमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विषयहरु समावेश गर्न सरोकारवालाहरुलाई सहयोग गर्ने ।

(५) गाउँपालिका स्तरीय योजना अनुगमन गरिदा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको समेत सूचक समेत समावेश गर्न दिने ।

(६) लैङ्गिक तथा सामाजिक समावेशी बजेट परीक्षण गर्न सहजीकरण गर्ने ।

४.३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समितिको बैठक:

(१) समितिको बैठक चौमासिक रुपमा बस्नेछ ।

(२) बैठक बस्ने मिति, समय, स्थान र बैठकको एजेण्डा समिति आफैले निर्धारण गर्नेछ ।

(३) बैठकले महिला, बालबालिका, दलित, एकल महिला, यौनिक तथा अल्पसंख्यक र बञ्चितीकरणमा परेका/पारिएका वर्गहरुको हितमा गरेका निर्णयहरु अभिलेखमा राखी प्रगति प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने जिम्मेवारी सदस्य सचिवको हुनेछ ।

(४) बैठक भत्ता कार्यपालिकाले अन्य समितिलाई निर्धारण गरे वमोजिम हुनेछ ।

## ४.४ वडा स्तरिय समति :

गाँउपालिकाको प्रत्येक वडामा यस नीतिसंग सम्बन्धित कार्यक्रम तथा योजना कार्यान्वयनमा सहयोगका लागी प्रत्येक वडामा एक वडा स्तरिय समिति गठन गरिनेछ । जसमा देहाय बमोजिमको समिति रहने छ ।

१) सम्बन्धित वडाको वडा अध्यक्ष : संयोजक

२) सम्बन्धित वडाका वडा सदस्यहरु : सदस्य

३) सम्बन्धित वडा समितिले लक्षित वर्गको क्षेत्रमा कार्यगर्ने व्यक्ति वा संस्थाबाट मनोनित गरेमा बढीमा २ (एक जना महिला अनिवार्य) सदस्यहरु : सदस्य

४) सम्बन्धित वडाको वडा सचिव : सदस्य सचिव



CS CamScanner

### ४.५ वडास्तरिय लैससासको काम कर्तव्य र अधिकार :

क) वडाभित्रको महिला, बालवालिका, युवा, ज्येष्ठ , नागरिक , अपाङ्गता, आदीवासी, जनजाती, एकल महिला, यौनिक तथा अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा साँस्कृतिक दृष्टिले पिछडिएको समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तिकरणको लागी कार्यक्रम बनाई वडामा पेश गर्ने ।

ख)वडाका सबै संरचनाहरुमा ३३ प्रतिशत महिलाको सहभागीता सुनिश्चितता गर्ने र ५० प्रतिशतको लागी आवश्यक पहल गर्ने ।

ग) वडा भित्रका योजना छनौट प्रकृयामा महिला दलित वालवालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदीवासी, जनजाती अल्पसंख्यक समुदायको अर्थपूर्ण सहभागीता अनिवार्य गराउने ।

घ) लैससास सम्बन्धि काम गर्ने विभिन्न संस्थाहरुसंग समन्वय र सहकार्य गर्ने ।

### ५. गुनासो व्यवस्थापन:

सम्बन्धित लाभग्राही वा सरोकारवालाहरुले वडा कार्यालयको कार्यक्षेत्र भित्र लैङ्गिक हिंसा, घरेलु हिंसा र दुर्व्यवहार सम्बन्धि विषयमा आफ्ना गुनासा तथा सुझावहरु भए निर्धक्क रुपमा कानुन बमोजिम राख्न सक्दछन । यस्ता गुनासोहरुको व्यवस्थापन गर्न वडा कार्यालयमा कम्तीमा एक-एक जना महिला तथा पुरुषलाई सम्पर्क व्यक्तिको रुपमा तोकिने छ ।

क) गुनासोहरुको संकलन, दर्ता तथा व्यवस्थापन सम्बन्धि सम्पर्क व्यक्तिहरु देहायबमोजिम हुनेछन ।

- महिलाहरुको तर्फबाट
- पूरुषहरुको तर्फबाट

### ५.१ सम्पर्क व्यक्तिहरुको काम कर्तव्य निम्नानुसार हुनेछ ।

- वडावासीहरुलाई गुनासो व्यवस्थापन सयन्त्रको बारेमा जानकारी दिने र सचेत गराउने ।

- वडामा विभिन्न माध्यमबाट आएका लैङ्गिक हिंसा, महिला हिंसा, घरेलु हिंसा र दुर्व्यवहार सम्बन्धी घटनाहरुको दर्ता गरी अभिलेख राख्ने ।
- वडा कार्यालय र लैससास समितिसंग सहकार्य गरी हिंसा पिडितलाई आवश्यक पर्ने सहयोग गर्ने ।
- संबोधन गरिएका गुनासोहरुको अभिलेख राख्ने र सम्बन्धित गुनासोकर्तालाई गुनासो प्राप्त भईसकेपछि र संबोधन भए पश्चात जानकारी गराउने ।
- गुनासोहरु उपयुक्त (सम्मान,संवेदनशील र पारदर्शी, समय आदी) तरिकाले व्यवस्थापन भईरहेको सुनिश्चित गर्ने ।
- आवश्यक परे कानुनी सहयोगको लागि सहजीकरण गर्ने ।

**६.नीति कार्यान्वयनमा सहयोग**

**यो नीति कार्यान्वयन गर्न आ-आफ्नो कार्यक्षेत्रभित्रका विषयहरुमा गाउँपालिकालाई प्राविधिक तथा आर्थिक सहयोग, समन्वय र सहजीकरण गर्नु सबै सरकारी तथा गैर सरकारी निकाय, सहकारी तथा निजी क्षेत्र, नागरिक समाज र विकास साझेदारहरुको कर्तव्य हुनेछ ।**

## ७) अनुगमन तथा प्रतिवेदन

८) अनुगमन विधि

(१) वार्षिक रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८० कार्यान्वयनको अनुगमन गरिनेछ ।

(२) यस्तो अनुगमन गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गठन हुने आयोजनाको सुपरिवेक्षण तथा अनुगमन समितिको समन्वयमा गैरसरकारी संस्था, सामुदायिक संस्था, महिला, बालबालिका, दलित, आदिवासी जनजाति र स्थानीय सामाजिक कार्यकर्ताहरू जस्ता नागरिक समाजका सरोकारवालाहरूका



CamScanner

प्रतिनिधित्व रहने व्यवस्था मिलाइनेछ। (३) प्रतिफल तथा नतिजा सूचक, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामुदायिक अंक पत्र, नागरिक प्रतिवेदन जस्ता अनुगमनका विधिहरू प्रयोगमा ल्याइनेछन्।

**१०. अनुमगन तथा प्रतिवेदनका फाराममा रहने मुख्य विषयहरू:**

(१) महिला, बालबालिका, अपाङ्गता भएको व्यक्ति, जेष्ठ नागरिक, दलित तथा वञ्चितीकरणमा परेका/पारिएका समूहहरूको सेवा, सुविधामा पहुँच, महिलाको महिनावारीको अवधिमा हुने विभेद लगायतका महिला हिंसा र सामाजिक विभेदमा कमी, वञ्चितीकरणमा परेका वा पारिएका वर्ग/समूहहरूको निर्णय गर्ने क्षमता अभिवृद्धि सम्बन्धी कार्य र तिनको प्रभावकारिता जस्ता विषयहरु।

(२) महिला, बालबालिका, अपाङ्गता भएको व्यक्ति, जेष्ठ नागरिक, दलित, एकल महिला, यौनिक तथा अल्पसंख्यक विपन्न तथा सीमान्तकृत वर्गलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम संचालन गर्न कुल विनियोजित रकमको कति प्रतिशत यी समूहका लागि प्रत्यक्ष फाइदा पुग्ने गरी, कति प्रतिशत आंशिक रूपमा फाइदा पुग्ने गरी र कति प्रतिशत तटस्थ रहेको छ सोको लेखाजोखा।

(३) यो नीति कार्यान्वयनवाट स्थानीय स्तरमा भएको सामाजिक तथा आर्थिक परिवर्तन र तिनका सवालहरु।

**१०.१ प्रतिवेदन कार्यपालिकामा पेश गर्नु पर्ने:**

(१) अनुमगन समितिले तयार गरेको प्रतिवेदन लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समितिमा छलफल हुनेछ ।

(२) समितिमा छलफल भए पश्चात यस्तो अनुगमन प्रतिवेदन सुझाव सहित आवश्यक कारवाहीको लागि गाउँकार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

**१०.२ नीतिको पुनरावलोकन तथा सुधार :**

यस नीति कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपदेयताको मुल्याङ्कनलाई आवश्यकता अनुसार पुनरावलोकन तथा सुधार गरिनेछ ।

**१०.३ बाधा अडकाउ फुकाउने :**

**यस नीतिको कार्यान्वयनमा कुनै बाधा अडचन आएमा यस नीतिका प्रावधानहरुलाई प्रतिकुल असर नपर्ने गरी गाँउपालिकाको लैससास समितिको बैठकले बाधा अडचन फुकाउन सक्नेछ ।**

**धन्यवाद**

आज्ञाले

छविलाल राई

प्रमुख प्रशासकीय अधिकृत